नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं, नेपाल

(प्रशासन शाखा)

प्रशासन/२०७९/८०

पत्र संख्याः-

च.नं. ८४९

मितिः २०७९/१२/१५

श्री पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं ।

श्री पुरातत्व विभाग, रामशाह पथ, काठमाडौं ।

श्री राष्ट्रिय अभिलेखालय, रामशाह पथ, काठमाडौं ।

श्री नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, काठमाडौं ।

श्री भाषा आयोग, शङ्खमुल, काठमाडौं ।

श्री नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।

श्री नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

श्री नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

श्री लुम्बिनी विकास कोष, पवित्र उद्यान, लुम्बिनी ।

श्री पशुपति क्षेत्र विकास कोष, देवपत्तन, काठमाडौं ।

श्री नेपाल नागरिक उड्डयन प्राधिकरण,बबरमहल,काठमाडौं।

श्री नेपाल वायुसेवा निगम, कान्तिपथ, काठमाडौं ।

श्री संस्कृतिक संस्थान, जमल, काठमाडौं ।

श्री नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाडौं ।

श्री बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्, धनुषा ।

श्री नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान, काठमाडौं

श्री नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान, काठमाडौं ।

श्री नारायणहिटी दरबार सङ्ग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति, काठमाडौं ।

श्री तारा गाउँ विकास समिति, काठमाडौं ।

श्री बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति, ललितपुर

श्री बृहत्तर बराह क्षेत्र विकास समिति, सुनसरी ।

श्री देवघाट क्षेत्र विकास समिति, तनहुँ ।

श्री हलेशी महादेवस्थान विकास समिति, खोटाङ ।

श्री पाथीभरा क्षेत्र विकास समिति, ताप्लेजुङ ।

श्री केचना कञ्चनजङ्घा पर्यटन विकास समिति, इलाम ।

श्री आदिकवि भानुभक्त जन्मस्थल विकास समिति, तनहुँ ।

श्री नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति, काठमाडौं ।

श्री बौद्धनाथ क्षेत्र विकास समिति, काठमाडौं ।

श्री मनकामना क्षेत्र विकास समिति, गोरखा ।

विषयः **कार्यार्थ पठाइएको सम्बन्धमा ।**

गृह मन्त्रालयको च.नं. ७७३ मिति २०७९/१२/१२ को प्राप्त पत्रको छायाप्रति र नेपाल सरकारले संवत् २०८० बैशाख १ गते देखि चैत्र मसान्तसम्म वर्ष भरी सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायका लागि सार्वजनिक, पर्व एवं सट्टा विदा र कार्यालय समय निर्धारण गरेको सम्बन्धमा संख्या ६५ नेपाल राजपत्र भाग ५ मिति २०७९/१२/०२ मा राजपत्रमा प्रकाशित सूचना यसै पत्र साथ संलग्न राखी आवश्यक कार्यार्थ पठाइएको बेहोरा निर्देशानुसार अनुरोध छ ।

१२/१५

(प्रविनहाङ योङहाङ)

शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा)

पत्र संख्या:- ०७९।०८०

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- ६६२

सिंहदरबार,

काठमाडौं, नेपाल।

मिति: २०७९-१२-१२

श्री मन्त्रालय सबै,

श्री संवैधानिक निकाय सबै,

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सबै

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
दर्ता नं. २२३०
मिति १२।१३

विषय: -जानकारी सम्बन्धमा।

उपरोक्त सम्बन्धमा नेपाल सरकारले संवत् २०८० बैशाख १ गते देखि चैत मसान्त सम्म वर्ष भरी सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायका लागि सार्वजनिक, पर्व एवं सट्टा विदा र कार्यालय समय निर्धारण गरेको सम्बन्धमा संख्या ६५ नेपाल राजपत्र भाग ५ मिति २०७९।१२।२ मा सूचना प्रकाशित भएको व्यहोरा विदितै छ। सो सूचनाको प्रकरण नं १० मा सार्वजनिक सेवा प्रवाह सम्बन्धी विशेष व्यवस्था थप गरिएको छ। उक्त सूचनामा भएको व्यवस्था अनुसार ताहाँ मन्त्रालय/संबैधानिक निकाय/कार्यालय अन्तर्गत सूचनाको प्रकरण १०.१, १०.२ र १०.३ मा भएको व्यवस्था बमोजिम मातहत निकायमा समेत सार्वजनिक विदाहरुको दिनमा पनि राजपत्रमा उल्लेखित सेवा प्रवाह गर्नुपर्ने हुँदा उक्त सूचना कार्यान्वयन गर्ने/गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ।

(भीमकान्त शर्मा)

उपसचिव

# भाग ५

## नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना

नेपाल सरकारले संवत् २०८० साल वैशाख १ गतेदेखि चैत मसान्तसम्म एक वर्षभरिमा सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायको लागि देहाय बमोजिमको सार्वजनिक, पर्व एवम् सट्टा बिदा र कार्यालय समय निर्धारण गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

१. **वर्षभरिका शनिबार बिदाः**

| | | | | | |
|---|---|---|---|---|---|
| (क) | वैशाख - | २, ९, १६, २३, ३० | (छ) | कात्तिक - | ४, ११, १८, २५ |
| (ख) | जेठ - | ६, १३, २०, २७ | (ज) | मङ्सिर - | २, ९, १६, २३, ३० |
| (ग) | असार - | २, ९, १६, २३, ३० | (झ) | पुस - | ७, १४, २१, २८ |
| (घ) | साउन - | ६, १३, २०, २७ | (ञ) | माघ - | ६, १३, २०, २७ |
| (ङ) | भदौ - | २, ९, १६, २३, ३० | (ट) | फागुन - | ५, १२, १९, २६ |
| (च) | असोज - | ६, १३, २०, २७ | (ठ) | चैत - | ३, १०, १७, २४ |

२. **पर्व बिदाहरूः**

२.१ मुलुकभरी सार्वजनिक बिदा हुने पर्वहरूः

(क) नव वर्ष - वैशाख १ गते शुक्रबार।

(ख) राई, लिम्बू, याक्खा, सुनुवारलगायतका किराँत समुदायको उभौली पर्व - चण्डी पूर्णिमा (वैशाख पूर्णिमा) - वैशाख २२ गते शुक्रबार।

(ग) रक्षाबन्धन - भदौ १४ गते बिहीबार।

(घ) श्रीकृष्ण जन्माष्टमी - भदौ २० गते बुधबार।

(ङ) घटस्थापना - असोज २८ गते आइतबार।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) दशैं बिदा - कात्तिक ४ गते शनिबारदेखि कात्तिक ९ गते बिहीबारसम्म (फूलपातीदेखि द्वादशीसम्म) ।

(छ) तिहार बिदा (कात्तिक २६ गते आइतबारदेखि कार्तिक ३० गते बिहीबारसम्म) :-

- लक्ष्मी पूजा - कात्तिक २६ गते आइतबार ।
- म्हपूजा, नेपाल संवत् प्रारम्भ, गोवर्द्धन पूजा - कात्तिक २८ गते मङ्गलबार।
- भाइ टीका/किजा पूजा - कात्तिक २९ गते बुधबार।

(ज) छठ पर्व - मङ्सिर ३ गते आइतबार।

(झ) इसाई धर्मावलम्बीहरूको पर्व क्रिसमस डे, (डिसेम्बर २५) - पुस ९ गते सोमबार।

(ञ) किराँत समुदायको उधौली पर्व, योमरी पुन्हि - ज्यापू दिवस (धान्य पूर्णिमा) - पुस १० गते मङ्गलबार ।

(ट) तमू ल्होसार - पुस १५ गते आइतबार।

(ठ) माघी पर्व/माघे सङ्क्रान्ति - माघ १ गते सोमबार।

(ड) सोनम ल्होसार - माघ २७ गते शनिबार।

(ढ) महाशिवरात्री - फागुन २५ गते शुक्रबार।

(ण) हिमाली आदिवासी शेर्पाहरूले मनाउने ग्याल्पो ल्होसार - फागुन २८ गते सोमबार।

(त) इस्लाम धर्मावलम्बीहरूको पर्व ईद (ईद उल फित्र) का दिन।

(थ) इस्लाम धर्मावलम्बीहरूको पर्व बकर ईद (ईद उल अजहा) का दिन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(द) फागुपूर्णिमा - हिमाली र पहाडी लगायतका ५६ जिल्लाहरूमा चैत ११ गते आइतबार र तराईका देहायका जिल्लाहरूमा चैत १२ गते सोमबार।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | झापा | ७. | धनुषा | १३. | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | १९. | बर्दिया |
| २. | मोरङ | ८. | महोत्तरी | १४. | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | २०. | कैलाली |
| ३. | सुनसरी | ९. | सर्लाही | १५. | रुपन्देही | २१. | कञ्चनपुर |
| ४. | सप्तरी | १०. | रौतहट | १६. | कपिलवस्तु | | |
| ५. | सिराहा | ११. | बारा | १७. | दाङ | | |
| ६. | उदयपुर | १२. | पर्सा | १८. | बाँके | | |

२.२ सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्र हुने सार्वजनिक पर्व बिदाहरू:-

(क) गौरा पर्व - भदौ ७ गते बिहीबार।

(ख) गाईजात्रा - भदौ १४ गते बिहीबार (देशभरका नेवार समुदायका लागि मात्र)।

(ग) सिरुवा पावनीको दिन - सो पर्व मनाउने झापा, मोरङ, सुनसरी, सिराहा र सप्तरी जिल्लाहरूमा।

**३. <u>महिला कर्मचारीहरूको लागि मात्र:-</u>**

(क) हरितालिका (तीज) व्रत - असोज १ गते सोमबार।

(ख) जितिया पर्व - असोज २० गते शनिबार (जितिया पर्व मनाउने महिला कर्मचारीको लागि)।

**४. शिक्षण संस्थाहरूको लागि मात्र:-**

वसन्त पञ्चमी - फागुन २ गते बुधबार।

**५. जात्रा बिदा (काठमाडौं उपत्यकालाई मात्र):-**

(क) गाईजात्रा - भदौ १४ गते बिहीबार।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) इन्द्रजात्रा - असोज ११ गते बिहीबार।

(ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा (सो जात्रा हुने दिन) ।

(घ) घोडेजात्रा - चैत २६ गते सोमबार।

६. **दिवस बिदाः-**

६.१ मुलुकभरी सबैलाई हुने सार्वजनिक दिवस बिदाहरूः-

(क) विश्व मजदुर दिवस - (मे १) वैशाख १८ गते सोमबार।

(ख) गणतन्त्र दिवस - जेठ १५ गते सोमबार।

(ग) संविधान दिवस (राष्ट्रिय दिवस) - असोज ३ गते बुधबार।

(घ) जनयुद्ध दिवस - फागुन १ गते मङ्गलबार ।

(ङ) राष्ट्रिय प्रजातन्त्र दिवस - फागुन ७ गते सोमबार।

(च) अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८) - फागुन २५ गते शुक्रबार ।

६.२ अपाङ्गता भएका कर्मचारीहरूको लागि मात्रः-

अन्तर्राष्ट्रिय अपाङ्गता दिवस, (डिसेम्बर ३) मङ्सिर १७ गते आइतबार (नेपाल भित्रका सम्पूर्ण अपाङ्गता भएका कर्मचारीको लागि मात्र)।

७. **जन्मजयन्ती बिदाः-**

७.१ मुलुकभरी सबैलाई हुने सार्वजनिक जन्मजयन्ती बिदाः-

(क) बुद्ध जयन्ती - वैशाख २२ गते शुक्रबार।

(ख) पृथ्वी जयन्ती (राष्ट्रिय एकता दिवस) - पुस २७ गते शुक्रबार।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७.२ सम्बन्धित धर्मावलम्बीहरूका लागि मात्रः-

(क) फाल्गुनन्द जयन्ती - कात्तिक २५ गते शनिबार (किराँत धर्मावलम्बी)।

(ख) मोहम्मद जयन्तीका दिन (नेपाली मुस्लिम धर्मावलम्बीहरूको लागि)।

(ग) गुरु नानक जयन्ती – मङ्सिर ११ गते सोमबार (नेपाली सिख धर्मावलम्बी)।

८. **राष्ट्रिय रूपमा मनाइने तर कार्यालय खुल्ने प्रकृतिका दिवसहरू:-**

(क) जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस - जेठ २१ गते आइतबार ।

(ख) निजामती सेवा दिवस - भदौ २२ गते शुक्रबार ।

(ग) सहिद दिवस - माघ १६ गते मङ्गलबार।

९. **विदेशस्थित नेपाली नियोगहरूले सम्बन्धित मुलुकका सार्वजनिक बिदाहरूलाई समेत दृष्टिगत गरी बढीमा १८ दिनसम्म सार्वजनिक बिदा आफैंले व्यवस्थापन र समायोजन गर्न सक्ने।**

१०. **सार्वजनिक सेवा प्रवाहसम्बन्धी विशेष व्यवस्था :-**

१०.१ प्रकरण २.१ अन्तर्गतका पर्व बिदा मध्ये खण्ड (ख) को उभौली पर्व-चण्डी पूर्णिमा (वैशाख पूर्णिमा), खण्ड (ग) को रक्षाबन्धन, खण्ड (घ) को श्रीकृष्ण जन्माष्टमी, खण्ड (ङ) को घटस्थापना, खण्ड (झ) को क्रिसमस डे, खण्ड (ञ) को उधौली पर्व, योमरी पुन्हि-ज्यापू दिवस (धान्य पूर्णिमा), खण्ड (ट) को तमू ल्होसार, खण्ड (ठ) को माघी पर्व/माघे सङ्क्रान्ति, खण्ड (ड) को सोनम ल्होसार, खण्ड (ढ) को महाशिवरात्री, खण्ड (ण) को ग्याल्पो ल्होसार, खण्ड (त) को



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ईद (ईद उल फित्र) र खण्ड (थ) को बकर ईद (ईद उल अजहा) विदा, प्रकरण ५ को जात्रा बिदा अन्तर्गतका गाई जात्रा, इन्द्रजात्रा, मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा र घोडेजात्रा विदा, प्रकरण ६.१ अन्तर्गतका सार्वजनिक दिवस बिदा मध्ये खण्ड (ख) को गणतन्त्र दिवस, खण्ड (घ) को जनयुद्ध दिवस, खण्ड (ङ) को राष्ट्रिय प्रजातन्त्र दिवस र खण्ड (च) को अन्तर्राष्ट्रिय महिला दिवस बिदा र प्रकरण ७.१ को जन्मजयन्ती बिदा अन्तर्गतका बुद्ध जयन्ती र पृथ्वी जयन्ती बिदाका दिनमा देहायका सार्वजनिक सेवा प्रवाह गर्न सम्बन्धित मन्त्रालय वा निकायले आवश्यक प्रबन्ध मिलाउनु पर्नेछः-

(क) नागरिकता सम्बन्धी सेवा,

(ख) राहदानी सम्बन्धी सेवा,

(ग) कन्सुलर सम्बन्धी सेवा,

(घ) भन्सार तथा राजस्व सम्बन्धी सेवा (राजस्व अनुसन्धानसमेत),

(ङ) क्वारेन्टाइन सम्बन्धी सेवा,

(च) सवारी अनुमतिपत्र, सवारी साधन दर्ता तथा नवीकरणलगायतका यातायात व्यवस्थापन सम्बन्धी सेवा,

(छ) उद्योग, वाणिज्य र कम्पनी प्रशासन सम्बन्धी सेवा,

(ज) वैदेशिक रोजगार सेवा,

(झ) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरणसम्बन्धी सेवा,

(ञ) मालपोत तथा नापी सम्बन्धी सेवा,

(ट) स्थानीय तहबाट प्रवाह हुने सार्वजनिक सेवा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) भेटेरिनरी सेवा,

(ड) खानेपानी सम्बन्धी सेवा,

(ढ) विद्युत सम्बन्धी सेवा,

(ण) सडक तथा ढल मर्मत सम्भार सम्बन्धी सेवा,

(त) खाद्य, गुणस्तर परीक्षण,

(थ) विभिन्न निकाय तथा शिक्षण संस्थाबाट सञ्चालन हुने परीक्षा सम्बन्धी कार्यहरू,

(द) वैदेशिक अध्ययन अनुमति (NOC) सम्बन्धी सेवा,

(ध) नेपाल प्रहरीबाट प्रदान गरिने चारित्रिक प्रमाणपत्र सम्बन्धी सेवा,

(न) सम्बन्धित मन्त्रालय वा निकायले तोकेका सार्वजनिक सेवासँग सम्बन्धित अन्य सेवा,

(प) प्रदेश सरकार र स्थानीय तहले तोकेका सार्वजनिक सेवा प्रवाह सम्बन्धी अन्य सेवा,

(फ) बैङ्किङ्ग तथा बिमा सम्बन्धी कारोबार।

१०.२ अस्पताल, दूरसञ्चार (साइबर सेक्युरिटी तथा इन्टरनेटसमेत), अध्यागमन, फोहोरमैला व्यवस्थापन, फायरब्रिगेड, टक्सार, रेडियो नेपाल, नेपाल टेलिभिजन, मुद्रण विभाग, हुलाक, शान्ति सुरक्षा, विपद् आदिजस्ता रोजाना र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय, विभाग तथा कार्यालयले सार्वजनिक बिदाका दिनमा समेत दैनिक काम नरोकिने गरी सेवा प्रवाह गर्नु पर्नेछ।

१०.३ प्रकरण १०.१ र १०.२ बमोजिम सेवा प्रवाह गर्न खटिने कर्मचारीले त्यसरी खटिए बापत सट्टा बिदा पाउनेछन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**११. कार्यालय हाजिर हुने र छुट्ने समयः-**

(क) नेपाल राज्यभरका सबै सरकारी कार्यालयमा संवत् २०८० साल वैशाख १ गतेदेखि कात्तिक १५ गतेसम्म तथा संवत् २०८० साल माघ १६ गतेदेखि चैत मसान्तसम्म कार्यालय समय बिहान १०:०० बजेदेखि अपराह्न ५:०० बजेसम्म हुने र संवत् २०८० साल कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म बिहान १०:०० बजेदेखि अपराह्न ४:०० बजेसम्म हुने ।

(ख) शुक्रबारको दिन बिहान १०:०० बजेदेखि अपराह्न ३:०० बजेसम्म हुने ।

**द्रष्टव्यः**

(१) नेपाल सरकारले निर्णय गरी तोकेका सार्वजनिक बिदाका अतिरिक्त प्रदेश सरकारले आ-आफ्नो प्रदेशको धर्म, संस्कृति र रीतिस्थिति समेतलाई दृष्टिगत गरी घोषणा गरेका बढीमा वर्षको ६ दिनसम्मको सार्वजनिक बिदामा सम्बन्धित प्रदेशमा रहेका सङ्घीय सरकारका कार्यालयमा समेत सार्वजनिक बिदा गर्ने। तर प्रदेश सरकारले आफ्नो प्रदेशभरी लागू हुने गरी ६ दिनभन्दा बढी सार्वजनिक बिदा घोषणा गरेमा र काठमाडौं उपत्यकाका तीन जिल्लाको हकमा गृह मन्त्रालयले निर्णय गरेबमोजिम हुने।

(२) प्रदेश सरकारले आफ्नो प्रदेशभरी लागू हुने गरी घोषणा गरेका सार्वजनिक बिदा मध्ये वर्षको सुरुमै प्रदेश राजपत्रमा प्रकाशन भएपछि सो मध्ये ६ दिन सार्वजनिक बिदा गर्न जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) "आधा दिन" भन्नाले संवत् २०८० साल वैशाख १ गतेदेखि कार्तिक १५ गतेसम्म तथा संवत् २०८० साल माघ १६ गतेदेखि चैत मसान्तसम्म दिनको १:३० बजे र संवत् २०८० साल कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म तीन महिनाको लागि दिनको १:०० बजेसम्म सम्झनु पर्छ।

(४) खाजा समयः दिउँसो १:३० देखि २:०० बजेसम्म ।

**आज्ञाले,**
**विनोद प्रकाश सिंह**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार,



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।